आज मिति २०७७ साल श्रावण ३२ गते आइतबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठीत जिल्लास्तरिय Crisis Management Center को बैठक बसी देहायका एजेण्डामा छलफल गरी तपसिल बमोजिम निर्णयहरु गरियो ।

**विशेष उपस्थिती(सल्लाहकार) :**

| | |
|---|---|
| समन्वय प्रमुख श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति, सिराहा । |
| समन्वय उपप्रमुख श्री सरोज कुमार यादव | जिल्ला समन्वय समिति, सिराहा । |

**उपस्थिति:**

| | | |
|---|---|---|
| क. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौली | श्री शेर गण, चोहर्वा | |
| ग. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| घ. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| ङ. उप. अनु. निर्देशक श्री रमेशचन्द्र यादव | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| च. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| ज. नि.जिल्ला समन्वय अधिकारी श्री शिवेन्द्र मण्डल, | जिल्ला समन्वय समिति | |
| झ. मे.सु. डा. नागेन्द्र प्रसाद यादव | सिराहा अस्पताल | |
| ञ. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| ट. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| ठ. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| ड. उपाध्यक्ष श्री संतोष कुमार अग्रवाल | सगरमाथा औषधि व्यवसायी संघ | |
| ढ. प्रतिनिधि श्री देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति | |
| ण. मे.सु. श्री सुनिल प्रसाद कुशवाहा | लहान अस्पताल, सिरहा । | |
| त. डा. सुभाषचन्द्र मण्डल | सिरहा अस्पताल, सिरहा । | |

**निर्णयहरु :**

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्बन्धी विद्यमान व्यवस्थापनबारे बैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMCबाट मिति २०७७०४।२९मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवंम ततसम्बन्धी दैनिक नियमित प्रतिवेदन गर्न सबै १७ वटै स्थानीय तहहरुलाई समेत पुनः अनुरोध गरी अनुगमन गर्ने गराउने ।

२. कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाईनमा खटिइएका सम्पुर्ण स्वास्थ्यकर्मीहरुको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने, सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन तथा सुरक्षाकर्मीहरुको बसोबास, खाद्यान्न र स्वास्थ्य सुरक्षा उपकरणको समुचित प्रबन्ध मिलाउने र लकडाउनको अवधिमा हुनसक्ने सुरक्षा चुनौतिहरुलाई

प्रभावकारीरुपमा समाधान गर्ने तर्फ सुदृढ तथा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने । साथै कानुन विपरितको कार्य गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

३. सिराहा जिल्लामा कोभिड १९ को संक्रमण व्यवस्थापनको हालको अवस्था देहाय अनुरुप रहेको बैठकमा अवगत भयो ।

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फिर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संयख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यू | PPE को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | |
| सिरहा | ४३ | ० | २३ | १५४२ | ५१४ | १८ | ५३२ | ६२४२ | २०५ | ५४ | ४ | ५८ | २०५ | ५४५७ | ४९५७ | २६३ | ५८ | २०५ | २ | १९३० |

४. सिरहा जिल्ला COVID-19 को जोखिम कायमै रहि समुदाय स्तर समेतमा संक्रमण फैली रहेको, स्वास्थ्य तथा सुरक्षाको मापदण्ड र प्रोटोकल पालना गरि जनजिविका चलाउन बारम्वार सूचित तुल्याईदै आएतापनि खासगरी हाट-बजार, खुल्ला सीमाना, अन्य जमघट, यातायात तथा अन्य सार्वजनिक स्थलमा नियमक निकायहरुवाटै कडाईका साथ नियमन गरेर तथा परीक्षणको दर एवं दायरा बढाई क्वारेन्टिन, र आईसोलेसनको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने परिस्थितिजन्य आवश्यकता देखिन आएको छ । यसर्थ समुदाय स्तरमा संक्रमण फैलन नदिन सिरहा जिल्लाका स्थानीय तहले लक डाउन गर्दा सकारात्मक प्रभाव देखिएको हुँदा;

क. २०७७ साउन ३२ गतेको राति १२:०० बजेवाट २०७७ भाद्र १५ को राति १२:०० बजे सम्म आ-आफ्नो स्थानीय तहमा [illegible] अत्यावश्यकिय सेवामा सहजीकरण गर्न सिरहा जिल्लाका सवै (१७) स्थानीय तहलाई अनुरोध गर्ने ।

ख. हरेक स्थानीय तहले VTM खरिद गरि स्वास्थ्य कार्यालय एवं सिरहा तथा लहान अस्पताल सँग समन्वय गरि संक्रमित व्यक्ति/समुदायकको कोरोना संक्रमण सम्वन्धमा परीक्षणको दर र दायरा बढाउन अनुरोध गर्ने ।

ग. लकडाउन प्रभावकारी तुल्याउन, क्वारेन्टिन समेत मापदण्ड अनुरुप तुल्याउन सवै स्थानीय तहलाई अनुरोध गर्ने ।

५. कोभिड १९ को संक्रमणबाट प्रभावित हुनेहरुको संख्या बढ्दो रुपमा रहेको हुनाले त्यस्तो शंकास्पद समुह तथा व्यक्तिहरुको पहिचान गरी समुदायस्तरमा परिक्षण गर्नको लागि VTM को अभाव हुन गएको साथै कोभिड १९ को संक्रमण समुदाय स्तरमा जान सक्ने संभावना देखिएकोले यस जिल्लाको लागि कम्तिमा पनि १ लाख VTM आवश्यक पर्ने भनी विभिन्न समयमा सम्बन्धित निकायमा VTM मागको लागि लेखापढि गरिरहँदा पनि उपलब्ध हुन नसकेकोले हालको अवस्थामा यस जिल्लाको लागि आवश्यक VTM १५००० (पन्ध्र हजार) थान उपलब्ध गराई दिन प्रदेश सरकार र संघिय सरकारमा पुनः अनुरोध गर्ने ।

६. यस जिल्लामा कोभिड १९ को संक्रमणबाट दुइवटा स्थानीय तहका २ जना व्यक्तिको मृत्यू भैसकेको र निजहरुको शवलाई सद्गत गर्ने कार्य जिल्लास्थित सुरक्षा निकाय(नेपाली सेना)हरुको संलग्न रहेको । साथै कोभिड १९ को संक्रमणको बढ्दो क्रममा रहेको हुनाले आगामी दिनमा पनि कोभिड १९ बाट संक्रमितहरुको मृत्यू हुन सक्ने संभावना रहेकोले गर्दा संक्रमितको मृत्यू भई शवको सद्गत गर्ने कार्यमा संलग्न रहने सुरक्षाकर्मीहरुलाई सम्बन्धित स्थानीय तहहरुले शवको सद्गत गरेबापत अभिलेख राखी प्रोत्साहन भत्ता रकम उपलब्ध गराउन अनुरोध गर्ने ।

७. महेन्द्र गेनाई मेमोरियल कोरोना विशेष अस्पतालमा कार्यरत चिकित्सक, नर्स तथा अन्य स्वास्थ्य कर्मचारी र सो अस्पतालको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीहरुको प्रयोगको लागि शौचालयको अभाव रहेकोले सो अस्पतालको लागि आवश्यक ४ वटा शौचालय निर्माणको लागि धनगढीमाई नगरपालिकालाई अनुरोध गर्ने । यसका साथै सो अस्पतालमा विद्युतको समस्या रहेकोले सो विद्युतको समस्या समाधानको लागि नेपाल विद्युत प्राधिकरण, लहान शाखालाई अनुरोध गर्ने ।

८. आइसोलेशन तथा क्वारेन्टाइनमा खटिएका सुरक्षाकर्मीहरुकोलागि खानाको व्यवस्थापन गर्नको लागि आइसोलेशनमा खटिएका सुरक्षाकर्मीहरुलाई खाना सिरहा अस्पतालबाट अभिलेख कायम गरी उपलब्ध गराउने । साथै क्वारेन्टाइनमा खटिने सुरक्षाकर्मीहरुलाई खाना सम्बन्धित पालिकाबाट अभिलेख कायम गरी उपलब्ध गराउने ।

९. कोभिड १९ को संक्रमणहरुलाई ओसार पसार गर्ने कार्यमा खटिइएका एम्बुलेन्स चालकहरुलाई संक्रमितहरुलाई उद्दार गरिएको अभिलेख कायम गरी संक्रमितहरुको उद्दार गर्ने कार्य भएको दिनको एम्बुलेन्स चालकलाई प्रोत्साहन भत्ता सम्बन्धित एम्बुलेन्स संचालकले उपलब्ध गराउन पुनः ताकेता गर्ने । साथै एम्बुलेन्स प्रयोग भएको दिनको अभिलेख राखी सवारी इन्धन सम्बन्धित पालिकाले उपलब्ध गराउने ।

१०. यस जिल्लामा रहेका सबै स्थानीय तहहरु (१७) ले कोभिड १९ संक्रमण जोखिम न्यूनिकरण गर्ने सिलसिलामा जोखिम भत्ता लिएको भए कुन कुन क्वारेन्टाइन वा आइसोलेशन र Contact Tracing गर्ने काममा कुन महिना, दिन, र समयमा के काम गर्न फिल्डमा खटिए बापत के कति रकम जोखिम भत्ता लिइएको र त्यस्तो भत्ता लिने कानुनी आधार समेत ३ दिन भित्र खुलाई पठाउन सबै स्थानीय तहहरुमा अनुरोध गर्ने । यसमा जिल्ला समन्वय समितिको कार्यालय मार्फत समेत तत्काल अनुगमन गर्ने ।

११. सिरहा तथा लहान अस्पतालबाट छुट्टा छुट्टै रुपमा शव वाहन खरिद गर्ने प्रकृयाबाट प्राप्त हुनको लागि केही समय लाग्ने भएकोले गर्दा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखामा रहेको मारुती एम्बुलेन्सलाई रेडक्रस सोसाइटीबाटनै मर्मत गर्ने र सो सवारी साधन लागि आवश्यक व्याट्टी सिरहा अस्पतालबाट उपलब्ध गरी हालको अवस्थामा शववाहनको रुपमा सिरहा अस्पतालले संचालन गर्ने ।

२०७७।४।३२

प्र.जि.अ.

प्रमुख जिल्ला अधिकारी